शाखा प्रमुख

आँधिखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैतीदोभान,कृषि, स्याङ्जा
२०७३

# आंधिखोलागाउंपालिका

## गाउं कार्यपालिकाको कार्यालय

कृषि,स्याङजा

गण्डकी प्रदेश,नेपाल

## बढाबढ सम्वन्धि शिलबन्दी दरभाउपत्र आब्हानको सूचना

प्रथम पटक सुचनाप्रकाशितमिति २०८०।०५।१९

स्थानीयसरकार संचालन ऐन २०७४को दफा ६४(च). र यस आंधिखोलागांउपालिकाआर्थिक ऐन २०८० को दफा १५ अनुसुचि (१४) को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिमनदीजन्यपदार्थ उत्खनन् गरी आंधिखोला गांउपालिकाले आ.व. २०८०।८१ को लागीतोकेको दरमाबिकि गर्ने गरी ठेक्काबन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्नलिखित शर्तहरुको अधिनमा रहि ठेक्कानम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | उत्खनन्/संकलन गर्ने अधिकतम परिणाम(घन.मी) | आ.व.२०८०।८१को लागिन्यूनतम अंक रु. | दरभाउपत्रफारम दस्तुर |
|---|---|---|---|---|---|
| | | **ढुँगा, गिट्टि, वालुवाबिक्रि कर तर्फः** | | | |
| १ | २-२०८०/८१ | सेतिदोभान झोलुङगे पुलतल सिम्खेत (ढोलीखेत) एवं पातीखोला नाका | ३,४००।०० | ९,४८,६००।०० | १,०००।०० |

### शर्तहरु :-

१) दरभाउपत्रपेश गर्दा व्यत्तिले (१ लाख ५० हजार सम्मको मात्रै )नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्रपेश गर्ने फर्म वा संघ संस्थाकोहकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्म यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र १६ (सोह्रौं) दिन मिति २०८०/०६/०३ गतेमध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एन आइ सी एशिया बैंङ्क लिमिटेड कृषि शाखा स्थित N४CA०५२५४००५२४०२ग-३धरौटी खातामा खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र/वोलपत्रदातावा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६) दरभाउपत्रस्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एन आइ सी एशिया बैंङ्क लिमिटेड कृषि शाखा स्थित N४CA०५२५४००५२४०४ग-४.२ बांडफांड हुने राजश्व संकलन खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र वाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०८०चैत्र मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स वण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन,साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ना वापत २०८० साल पौष मसान्तसम्म र बांकी तेस्रो किस्ता

वापतको २५ प्रतिशत रकम २०८० साल चैत्र मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकम [illegible] अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) प्राप्तदरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वाआंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईनें छैन, उक्तउत्खनन् तथा संकलन गर्ने अवधी २०८० असोज महिनाको सम्झौता भइ कार्यादेश प्राप्त मिति देखि २०८१जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्बन्धी कार्य गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथा संघिय सरकारको ढुङ्गा,गिट्टी,बालुवा उत्खनन्,बिकि तथा ब्वबस्थापन मापदण्ड २०७७ बमोजिम गर्नुपर्नेछ ।

९) यसमाउल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमाप्रचलित ऐन नियमानुसारतथा सम्झौतामाउल्लेख गरिए बमोजिमहुनेछ । साथै नेपाल सरकार र यस गाउंपालिका बाट समय समयमागरिएकानिर्देशनहरुको दरभाउपत्रले पालना गर्नु पर्नेछ।

१०) यस सम्बन्धमाअन्यकुनै थपजानकारी आवश्यकभएमाकार्यालय समयभित्र यस कार्यालय/ राजस्वशाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

आँधीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...दीभान, कृषि, स्याङ्जा
२०७३